नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १४ २०७८ साल साउन १८ गते सोमबार (2 Aug. 2021 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- वर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : वर्षेनी बढ्दो ... ३ पृष्ठमा : अक्सिजन सिलिण्डर ... ३ पृष्ठमा :अफगानिस्तानमा बाढी पहिरोमा ...

# तीन सय ३४ कैदीबन्दीले लगाए कोरोना बिरुद्धको खोप

**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

राजविराज कारागारमा रहेका कैदीबन्दी मध्ये ३ सय ३४ जनाले कोरोना बिरुद्धको खोप लगाएका छन् ।

कारागार कार्यालय राजविराजका अनुसार आइतबारसम्ममा कारागारमा रहेका दुई ब्लकका गरि १३ महिलासहित ३ सय ५९ मध्ये ३ सय ३४ जनाले कोरोना बिरुद्धको खोप लगाइसकेका छन् ।

एक सय २५ क्षमता रहेको उक्त कारागारमा हाल ३ सय ५९ जना कैदीबन्दी राखिएका छन् । क्षमता भन्दा तेब्बर कैदीबन्दीलाई कोचाकोच गरि राख्दा व्यवस्थापन र सुरक्षा




चुनौतीसँगै कोरोनाको जोखिम समेत बढाएकाले कोरोना बिरुद्धको खोपलाई उच्च प्राथमिकता दिएको कारागार प्रशासनले जनाएको छ ।

कारागारका खरीदार संजिव देवले एक जना कैदीबन्दीमा संक्रमण देखिने बित्तिकै अन्य पनि

***बाँकी अन्तिम पृष्ठमा***

# पूर्वराजपा सप्तरीका नेता कार्यकर्ताको भेलाबाट संगठन ब्यबस्थापनमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

सप्तरीमा पुर्वराजपा नेपालका नेता तथा कार्यकर्ताहरूको शनिबार सम्पन्न भेलाले संगठनलाई ब्यबस्थापन गर्न एकजुट हुनुपर्नेमा जोड दिएका छन ।

***बाँकी अन्तिम पृष्ठमा***

# छिन्नमस्ता भगवतीको मुकुट चोरी





**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

नेपालकै प्रसिद्ध सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित छिन्नमस्ता मन्दिरभित्र रहेका मूर्तिको मुकुट आइतबार साँझ चोरी भएको छ ।

छिन्नमस्ता भगवतीको चाँदीको मुकुट चोरी भएको इलाका प्रहरी कार्यालय सखडाले जनाएको छ । पुजारीहरू

***बाँकी तीन पृष्ठमा***



# सम्पादकीय

## मन्दिर पनि असुरक्षित !

सप्तरीको छिन्नमस्ता मन्दिर भित्रबाट भगवतीको मुकुट चोरी हुनु भनेको मन्दिर व्यवस्थापनप्रति ठूलो चुनौती हो । घरबाट चोरी, पसलबाट चोरी हुने गरेको तर, मन्दिरमा त्यो पनि भगवतीकै मुकुट चोरी हुनु अस्वभाविक कुरा हो । यो एउटा गम्भिर विषय र सबै खाले सुरक्षा निकायलाई चुनौती पनि हो ।

मूर्ती स्थापना भएकै ठाउँबाट भगवानकै मुकुट चोरी हुनु र कसैले नदेख्नु भनेको सुरक्षा व्यवस्था पूर्ण रुपले फितलो हो । मन्दिर व्यवस्थापन समितिको प्रत्यक्ष निगरानी तथा नेपाल प्रहरीको गस्ती टोली वा मन्दिरमै खटिने अन्य सुरक्षाकर्मी समेतलाई छलेर चोरी हुनु अत्यन्त दुःखदायी घटना हो । यसले मन्दिरप्रति कोही पनि संवेदनशिल नहुनु भन्ने प्रस्ट देखिएको छ ।

यस्ता चोरीका घटना हुनु भन्दा पनि मन्दिरको सुरक्षार्थ खटिएकाहरुप्रति प्रश्न चिन्ह खडा भएको छ । त्यसपछि मात्र चोरी गर्ने व्यक्ति दोषि हो । कीन भने मन्दिर जस्तो पवित्र स्थानबाट भगवानकै मुकुट चोरी हुनु सम्पूर्णका लागि अहित हो । तसर्थ अब मन्दिर जस्तो स्थान पनि असुरक्षित बन्दै गएकोले यसका लागि सबैले आ-आफ्नो स्थानबाट आवाज उठाउनु पर्ने आवश्यकता रहेको छ ।

## थप दुई हजार ५६८ मा संक्रमण

काठमाडौं, १७ साउन (रासस) ।

पछिल्लो २४ घण्टामा १२ हजार ६३६ मा नमूना परीक्षण गर्दा देशभर दुई हजार ५६८ मा सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा दुई हजार २० जना सङ्क्रमणमुक्त भएका छन् । आइतबार १८ को मृत्यु भएसँगै कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या नौ हजार ८७५ पुगेको छ ।

सङ्क्रमण मुक्त हुने दर ९४.१ प्रतिशत पुगेको छ । हालसम्म कोभिड-१९ खोपको पहिलो मात्रा ४० लाख ६ हजार २८८ ले लगाएका छन् भने पूर्ण मात्रा लगाउनेको सङ्ख्या १८ लाख १३ हजार ४७१ पुगेको मन्त्रालयले जनाएको छ ।

# वर्षेनी बढ्दो प्राकृतिक विपत्ति

काठमाडौँ, १७ साउन (रासस) ।

पछिल्ला केही वर्षयता मनसुनजन्यसहित विपद्का घटना बढ्दो छ । एक दशकको तथ्याङ्क हेर्दा विसं २०७२ सम्म विपद्का दुई हजारभन्दा कम घटना भएका थिए । विसं २०७३ पछि विपद्का घटना क्रमशः दुई हजारबाट उकालो लागेकामा पछिल्ला केही वर्ष (विसं २०७५-२०७७) मा भने चार हजार बढी प्राकृतिक विपत्ति निम्तिए ।

बाढीका कारण हुने मानवीय क्षति घटे पनि पहिराबाट हुने क्षति बढ्दै जाने अर्को जोखिमको विषय बन्न पुगेको छ । अधिकांश घटना मनसुनका बेला भएकाले उक्त तथ्याङ्कले नेपालमा मनसुनजन्य जोखिम थप चुनौतीपूर्ण रहेको देखिएको छ ।

विपद् व्यवस्थापन विज्ञ कृष्ण देवकोटा पछिल्ला वर्षमा पहिराबाट हुने विपद् थप चुनौतीपूर्ण बन्दै गएको बताउनुहुन्छ । उहाँका अनुसार विपद्का दृष्टिले भूकम्पलाई छाडेर हेर्दा पछिल्लो दशक बाढीका कारणले हुने मृत्यु दर घटेको तर पहिराबाट हुने क्षति भने बढेको छ । उहाँले बाढी र पहिराजन्य घटना भने बढेको छ । "मुख्यतः पूर्वसूचना प्रणाली तुलनात्मकरुपमा प्रभावकारी देखिएकाले र जनचेतना बढेकाले सावधानी अपनाउने क्रम बढ्दा बाढीबाट हुने क्षति घटेको हो, भलै कुनैकुनै वर्ष बढेको हुनसक्छ, देवकोटाले अगाडि थप्नुभयो, "तुलनात्मकरुपमा पहिराबाट मृत्यु बढेको छ ।"

उहाँ यसरी पहिरो बढ्नुमा पहाडी इलाकामा बाटोको सङ्ख्या वृद्धि हुने तर रोकथामका उपाए नअपनाइनु कारक हो भन्नुहुन्छ । अर्को कारण भने एकै ठाउँमा धेरै पानी (हाँडीघोप्टे पानी) पर्दा भेल पहिराले जनधनको ठूलो क्षति गराएको छ । गएको दुई वर्षमा सिन्धुपाल्चोक, बाग्लुङ, मनाङ, कास्की, तनहुँ, लमजुङ, पर्वतलगायत दर्जन जिल्लामा एकै ठाउँमा बढी पानी परेर भेल पहिरो आएको देखिएको छ ।

पछिल्लो एक दशक (विसं २०६८-२०७७) मा विपद्का २४ हजार ५८६ घटना भयो । उक्त विपद्बाट चार हजार ५६ को मृत्यु भएकामा त्यसको आधा मानवीय क्षति बाढी र पहिराले गराएको छ । उक्त अवधिमा सबैभन्दा बाढी पहिराले एक हजार २०५, दोस्रोमा चट्याङबाट ९९९, तेस्रोमा बाढीले ७९४ र चौथो नम्बरमा आगलागीले ७१० को ज्यान लियो ।

एक दशकको छ वर्ष बाढीले बढी मानवीय क्षति गराएको छ । प्राप्त विवरणअनुसार पहिराबाट बढी क्षति (विसं २०६८, ७०, ७१, ७२, ७३ र ७७ मा क्रमशः १२६, १३१, १२९, १३५, १४७ र ३०१ को मृत्यु) भएको छ । चट्याङले विसं २०६८, ६९ र ७६ मा बढी मानवीय क्षति गरायो । बाढीले २०७४ सालमा मात्रै बढी क्षति (१६६ मृत्यु) गराएको छ भने आगलागीबाट विसं २०७५ सालमा सबैभन्दा बढी ८९ जनाको मृत्यु भयो । विपद्बाट एक दशकमा ८१३ बेपत्ता र आठ हजार २२९ जना घाइते भए ।

एक लाख १९ हजार परिवार प्रभावित भएकामा ५२ हजार ८३० घर आंशिक र छ हजार ४५६ घर पूर्ण क्षति भएको छ । यसबाट कूल रु ३८ अर्ब ९५ करोड १४ लाख क्षति भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । आगलागी र चट्याङले नजानिँदोरुपमा मानवीय क्षति गराइरहे पनि घटना न्यूनीकरणको प्राथमिकतामा पर्न सकिरहेको छैन । यद्यपि, यसपालिबाट भने आगलागीका घटना नियन्त्रणमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले चासो दिन थालेको छ ।

यसपटक हेलिकप्टरमार्फत आगलागी नियन्त्रणका प्रयास गरिएको थियो । यो नेपालमै पहिलो अभ्यास भएको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल बताउनुहुन्छ । विपद्का घटना बढ्न थालेपछि सरकारले आगामी १० वर्षभित्रमा नेपाललाई विपद् उत्थानशील राष्ट्र बनाउने उद्देश्यका साथ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी १० वर्षे महाअभियान शुरु गरेको छ ।

सरकारले विपद्बाट प्रभावितको पुनःस्थापनका लागि अस्थायी आवास पुनःनिर्माण कार्यक्रमलाई समेत गएको वर्षबाट तीव्ररुपमा अघि बढाएको छ । विश्वकै अग्लोदेखि निकै होचो भूभाग रहेको र भिरालो जमिन प्रसस्त रहेकाले मनसुनजन्य विपद्बाट नेपाल उच्च जोखिममा रहेको छ ।

गृह मन्त्रालयको नेपाल विपद् प्रतिवेदन २०१९ अनुसार मनसुनजन्य प्रकोपका कारण वार्षिक झण्डै एक हजारले ज्यान गुमाउने गरेका छन् । जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एशियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ । भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११औं र ३० औं स्थानमा छ ।

जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ । प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन् । वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेको छन् । मनसुनजन्य विपद्बाट क्षति रोक्ने पूर्वतयारी प्रमुख उपाय हो । भरपर्दो सूचना सङ्कलन, सम्भावित जोखिम र क्षतिको आँकलन, समयमै आवश्यक सूचना प्रवाह र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामनाका लागि गर्नुपर्ने तयारी चुस्त बनाउन सकिएन भने विपद्बाट ठूलो धनजनको क्षति हुने सम्भावना हुन्छ ।

समय परिस्थिति बुझेर अवश्यक तयारी र सचेतनाका कार्यक्रम नियमित गर्नुपर्ने विज्ञको सुझाव छ । हरेक वर्ष दोहोरिने बाढी, पहिरो, डुबान चट्याङ र आगलागीबाट क्षति रोक्न उच्च तयारी आवश्यक छ ।

प्राधिकरणका प्रमुख पोखरेल जोखिम न्यूनीकरणमा ठूलो लगानी आवश्यकता रहेको औँल्याउनुहुन्छ । "जोखिम क्षेत्रका बस्ती सुरक्षित ठाउँमा लैजानुपर्छ, जोखिम आँकलन गरेर बीमा कार्यक्रम पनि चलाउन जरुरी", पोखरेलले भन्नुभयो, "पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउँदै हाम्रो उद्दार क्षमता वृद्धि गर्नु अत्यावश्यक भइसकेको छ ।" उहाँका अनुसार २०७२ सालको भूकम्पपश्चात हेर्दा एउटाले अर्कोलाई तानेको देखिन्छ ।

भूकम्पले हल्लाएर पहाड कमजोर बनायो, त्यसले पहिरो निम्त्यायो, त्यही बग्दा बाढी बढ्यो, जलवायु परिवर्तनका कारण पानी पर्ने प्रणालीमा उथलपुथल ल्यायो । अब त्यसबाट पाठ सिकेर कमजोर भूबनोट व्यवस्थापनका लागि विशेष योजना बनाउनु जरुरी रहेको पोखरेलले बताउनुभयो । नेपाल सरकारले ल्याएको विपद् व्यवस्थापनको महाअभियान त्यसैको एउटा कडी हो ।

**विपद्बाट कुन वर्ष, कति क्षति ?**

बाढी पहिराका हिसाबले दशकै सबैभन्दा जोखिम वर्ष २०७७ बन्न पुग्यो । गएको वर्ष मुलुकले अकल्पनीयरुपमा मानवीय क्षति बेहोरेको छ । गत वर्ष औषत् पानी पर्ने अनुमानका बीच केही ठाउँमा अतिवृष्टि भएर भेल पहिरो आएको थियो । यस वर्ष औसतभन्दा बढी पानी पर्ने भनिए पनि सिन्धुपाल्चोक र मनाङबाहेक गत वर्षको तुलनामा कम क्षति छ । यद्यपि, वर्षा भने जारी रहेकाले चुनौती कायमै छ ।

**विसं २०७८ को हालसम्म**

यो वर्षको अहिलेसम्म कूल एक हजार ३०८ विपद्का घटना भएका छन् । कूल १५१ जनाको मृत्यु भएको छ भने ३७ जना बेपत्ता छन् । यसमा सबैभन्दा बढी चट्याङबाट ३८ जनाले ज्यान गुमाएका छन् ।

पहिराले ३४ र बाढीले २६ जनाको ज्यान लिएको छ । पहिराले सबैभन्दा बढी २९ जना बेपत्ता बनाएको छ भने बाढीले सात र हावाहुरीले एक जना बेपत्ता पारेको छ । आगलागीबाट १२ को मृत्यु भएको छ । रु ६३ करोडको भौतिक क्षति भएको छ । यसपालि मुलुकमा सिन्धुपाल्चोक र मनाङलगायत ४८ जिल्लामा ठूलो जनधनको क्षति भएको छ ।

**विसं २०७७**

विसं २०७७ मा कूल चार हजार २०५ प्राकृतिक विपत्तिमा ५९१ जनाको मृत्यु भएको छ भने १०१ जना बेपत्ता भए । यो दशककै सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो ।

पहिराले मात्रै ३०१ व्यक्तिको ज्यान लियो भने ६४ बेपत्ता भए । त्यसपछि आगलागीबाट ९७ र चट्याङबाट ७० जनाले ज्यान गुमाएका छन् । बाढीबाट ४२ को मृत्यु र ३७ बेपत्ता भए ।

**विसं २०७६**

यो वर्ष चार हजार ३४ विपद्का घटनामा ३८१ को मृत्यु भएको छ । कूल ४८ जना बेपत्ता भए । यस वर्ष सबैभन्दा बढी चट्याङका कारण ८८ जनाले ज्यान गुमाए । पहिरोले ८३ र बाढीले ७३ को ज्यान लियो ।

**विसं २०७५**

यस वर्ष चार हजार १७२ घटनामा ३६६ को मृत्यु भएको छ । जसमा सबैभन्दा बढी आगलागी र पहिराका कारण क्रमश ८९ र ८८ ले ज्यान गुमाए ।

**विसं २०७४**

यस वर्ष दुई हजार ६२९ घटनामा ४४८ को मृत्यु भयो । कूल ५७ जना बेपत्ता भएका छन् । उक्त वर्ष बाढीले १६६ र चट्याङको कारण १०५ को मृत्यु भयो । पहिराले ७५ को ज्यान लियो ।

**विसं २०७३**

विसं २०७३ मा दुई हजार ५२९ विपद्का घटनामा ४२६ ले ज्यान गुमाए । कूल ४५ जना बेपत्ता भएको अभिलेख छ । जसमा सबैभन्दा बढी पहिराले १४७, चट्याङले ११४ र बाढीले १०१ को ज्यान लियो ।

**विसं २०७२**

यो साल विपद्का ९८९ घटनामा ३०० जनाले ज्यान गुमाए भने १६ बेपत्ता भए । जसमा सबैभन्दा बढी पहिराबाट १३५ जनाले ज्यान गुमाएका छन् । चट्याङले ८३ र आगलागीबाट ७३ को मृत्यु भएको छ ।

**विसं २०७१**

विपद्काका एक हजार २२३ घटनामा ४४९ जनाको मृत्यु भएको छ भने २६२ बेपत्ता भए । उक्त वर्ष बाढीबाट १२९ मृत्यु र १३३ बेपत्ता तथा पहिराबाट ११६ को मृत्यु र १२९ बेपत्ता भए । यो सबैभन्दा बढी मानिस बेपत्ता भएको वर्ष हो । चट्याङबाट १२६ ले ज्यान गुमाएका छन् ।

**विसं २०७०**

उक्त वर्ष विपद्सम्बन्धी एक हजार ४८३ घटना भएकामा ३८८ को मृत्यु र १५५ जना बेपत्ता भए । सबैभन्दा बढी बाढीबाट १३१ जनाले ज्यान गुमाए । चट्याङबाट १११ को मृत्यु भएको थियो । पहिराले ७९ को मृत्यु भएको छ ।

**विसं २०६९**

त्यस वर्ष एक हजार ७३३ विपद्का घटना भयो । त्यसमा परेर कूल २८२ जनाको मृत्यु भयो भने १५ जना बेपत्ता भए । सबैभन्दा बढी चट्याङबाट १३१ जनाको मृत्यु भयो भने पहिराले ६८ र आगलागीबाट ६३ ले ज्यान गुमाए । बाढीबाट नौ जनाको मृत्यु भयो ।

**विसं २०६८**

कूल एक हजार ५७४ घटनामा ४२४ को मृत्यु भयो भने ११९ जना बेपत्ता भए । यसमा बाढीबाट १२६, पहिरोबाट ११३ र चट्याङबाट १०३ को मृत्यु भयो ।

# टेलिकमका कर्मचारीको आन्दोलन १२औं दिनमा

काठमाडौं, १७ साउन (रासस) ।

कर्मचारीको सेवासुविधा र वृत्तिविकासको माग गर्दै नेपाल टेलिकमका कर्मचारीले विगत १२ दिनदेखि भद्रकालीस्थित केन्द्रीय कार्यालयको मूल ढोका अगाडि धर्ना दिँदै आएका छन् ।

साविकको कर्मचारी विनियमावली २०६१ मा रहेको तह १० मा आठ वर्ष र तह ११ मा पाँच वर्षको सेवा अवधि पूरा भएपछि स्वतःअवकाश हुने (क्यापिङ) सम्बन्धी व्यवस्था यथावत् राख्नुपर्नेलगायत ३२ सुत्रीय माग प्रस्तुत गर्दै कर्मचारी यही साउन ५ गतेदेखि धर्ना दिँदै आएका हुन् ।

नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन, नेपाल टेलिकम वर्कर्स युनियन र नेपाल टेलिकम युनियन कर्मचारी युनियनको अगुवाइमा शुरु गरिएको सो धर्नामा सहभागीले टेलिकम सञ्चालक समितिको २०७० साल साउन ६ गतेको निर्णयानुसार प्रत्येक तीन/तीन वर्षमा नेपाल राष्ट्र बैंकको प्राइस इन्डेक्सबमोजिम समायोजन हुनुपर्ने महँगीसी भत्ता समायोज गरी लागू गर्न पनि अनुरोध गरेका छन् ।

नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्रप्रसाद जोशीले कम्पनीको संस्थागत सुधार, कर्मचारीको वृत्तिविकास र ट्रेड युनियनको अधिकारबारे व्यवस्थापन तथा सम्बन्धित निकायसँग पटकपटक

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कांग्रेस कार्यकर्ता तीन सातादेखि धर्नामा

काठमाडौँ, १७ साउन (रासस)।

क्रियाशील सदस्यता वितरण र नवीकरणमा धाँधली भएको जनाउँदै कांग्रेस कार्यकर्ताहरू तीन सातादेखि धर्ना दिँदै आएका छन्। बारा र रौतहटका एक सयभन्दा बढी कार्यकर्ताहरू पार्टीको केन्द्रीय कार्यालय सानेपामा धर्नामा बसेका हुन्।

विवाद समाधानको माग गर्दै धर्नामा बस्दै आएका दुवै जिल्लाका कार्यकर्ताले मागको सुनवाई नभएसम्म धर्ना जारी राख्ने बताएका छन्। पार्टीको १३औँ महाधिवेशनमा सक्रिय रहेका कार्यकर्ताको सदस्यता नवीकरण गर्नुको सट्टा नयाँ व्यक्तिलाई सदस्यताको सिफारिस गरिएको पार्टीका नेता एवं संविधानसभा सदस्य रामअयोध्याप्रसाद यादवले बताउनुभयो। "वडाबाट नयाँ सदस्यताका लागि सिफारिस गरिएका व्यक्तिको नाम हटाएर अर्कैलाई सिफारिस गरिएको पाइयो", पार्टी कार्यालय सानेपामा विगत २२ दिनदेखि धर्नामा बस्दै आउनुभएका यादवले भन्नुभयो, "फारममा एउटाको नाम छ, कम्प्युटरमा फरक व्यक्तिको नाम दर्ता भएको छ, यो त सरासर अवैधानिक काम हो।"

बारा क्षेत्र नं २ मा ४४ वडामध्ये २२ वटा वडामा कार्यकर्ताले त्रियाशिल सदस्यस्यताको फारम नै नपाएको नेता यादवको गुनासो छ। "फारममा कतिपयको नाममा टिपेक्स लगाएर अर्कैको नाम लेखेको सम्म गरेको पाइएको छ", उहाँले भन्नुभयो। पार्टीको शीर्ष नेतृत्वले विवाद समाधान गर्न आश्वासन दिएको यादवले बताउनुभयो। पार्टीको अधिवेशनलाई ध्यान दिनुभन्दा संसदीय निर्वाचनको ख्याल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। संसदीय निर्वाचनमा बाराको चार वटा निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा मात्र कांग्रेस विजयी भएको थियो। सो क्षेत्रबाट उमाकान्नत चौधरी निर्वाचित हुनुभएको थियो।

बारासँगै रौतहटका कार्यकर्तासमेत सानेपामा अनशनमा बस्दै आएका छन्। रौतहट क्षेत्र नं १ का नेता बज्रकिशोर सिंह पार्टीमा पुराना कार्यकर्तालाई अन्याय भएको बताउनुहुन्छ। "पार्टीको १४औँ महाधिवेशनको पूर्वसन्ध्यामा पुराना कार्यकर्तामाथि अन्याय भएको छ", अनशनमा भेटिनुभएका उहाँले निराशा व्यक्त गर्दै भन्नुभयो, "पार्टीमा प्रतिबद्ध र सिद्धान्त बुझेका कार्यकर्तालाई अपहेलना गर्ने काम भएको छ, त्रुटी नसच्याउँदासम्म हामी घर फर्किन्नौँ।" कतिपय ठाउँमा पार्टीको वडासभापतिले सदस्यता फारम नै नपाएको पूर्वस्वास्थ्य राज्यमन्त्री रहिसक्नुभएका सिंहले दुःखेसो गर्नुभयो।

विवाद उत्पन्न भएपछि कांग्रेस केन्द्रीय कार्यसमितिको २०७५ फागुन ६ गते बसेको बैठकले केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा केन्द्रीय सदस्य आनन्दप्रसाद ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरी रहेको समिति गठन गरेको थियो। समितिले बिहीबार थप परिमार्जनसहितको प्रतिवेदन बुझाइसकेको छ।

सदस्यता विवाद मिलाउन कांग्रेसका पदाधिकारी तथा पूर्वपदाधिकारीको बिहीबार बसेको बैठकले पार्टीको नेतृत्व तहलाई पाँच दिनको समय दिएको छ। विवाद समाधानका लागि पार्टी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाबीच छलफल हुँदै आएको छ। कांग्रेसले पार्टीको १४औँ महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौँमा गर्ने कार्यतालिका तय गरेको छ। कांग्रेसमा १४औँ महाधिवेशनका लागि पार्टीको क्रियाशील सदस्यता सङ्ख्या आठ लाख ५२ हजार ७११ पुगेको छ।

## छिन्नमस्ता भगवतीको ...


पोखरीतिर सरसफाइमा व्यस्त रहेको समयमा मुकुट चोरी भएको जनाइएको छ।

यता चोरी गरिएको मुकुटसहित चोरी गर्ने व्यक्तिको खोजीका लागि प्रहरी परिचालन गरिएको प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

## सप्तरी उद्योग बाणिज्य संघ राजविराजको सदस्यता नविकरण सम्बन्धी अत्यावश्यक सूचना

सप्तरी उद्योग बाणिज्य संघको ११ औं साधारण सभा यही २०७८ असोज ९ गते शनिबारका दिन हुने भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ। साथै यस संघका सदस्यहरुले आ-आफ्नो सदस्यता नविकरण मिति २०७८/०५/२५ गते भित्र गराउन हुनका लागि यो सूचना जारि गरिएको छ। उक्त मिति सम्ममा नविकरण नगराएको खण्डमा साधारण सभा र अधिवेशनमा सहभागि हुनबाट बञ्चित भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ।

महासचिव
अनन्तलाल साह
सप्तरी उद्योग बाणिज्य संघ, राजविराज




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विश्व समाचार

### अफगानिस्तानमा बाढी पहिरोमा परी मृत्यु हुनेको संख्या ११३ पुग्यो

नुरिस्तान, अफगानिस्तान, १७ साउन (रासस/एएनआई)।

अफगानिस्तानको कमदिश जिल्लामा गत हप्ता भएको व्यापक बर्षापछि आएको बाढीपहिरोमा परी मृत्यु हुनेको सङ्ख्या आइतबार ११३ पुगेको टोलो समाचार संस्थाले जानकारी गराएको छ। अझै दर्जनौँ व्यक्ति हराइरहेका र अन्य ७० जना घाइते भएको जनाइएको छ।

"नुरिस्तान प्रान्तको कमदिश जिल्लामा भारी वर्षाका कारण बुधबार बाढीमा परी वेपत्ता व्यक्तिमध्ये केही अझै हराइरहेका छन्। बाढीका कारण जिल्लाको करिब १२ किलोमिटर सडक भत्केको छ, १७३ घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन्," प्राकृतिक प्रकोप व्यवस्थापन राज्यमन्त्री गुलाम बहाउददिन जेलानीले भन्नुभयो यस प्रान्तका विधायकले बाढी प्रभावित बासिन्दालाई तत्काल सहयोगको आवश्यकता भएको बताएका छन्। तालिबानले पीडितको उद्धारकार्यमा अवरोध खडा गरिरहेको विधायकले दाबी गरेका छन्। अर्कोतर्फ तालिवान समूहले बाढी प्रभावित क्षेत्रहरुमा सरकारी सेनाको घुसपैठ हुन नदिन भनेको छ।

"जनताको अवस्था दयनीय छ। उनीहरूलाई तुरुन्तै मद्दत चाहिन्छ। उनीहरूले सबै कुरा गुमाएका छन्," नुरिस्तानका सांसद इस्माइल आटिकानले भन्नुभयो। नुरिस्तानका गभर्नर हाफिज अब्दुल कायुमले केही प्रभावित परिवारलाई सरकारले सहयोग प्रदान गरेको बताउनुभयो। गत महिना अफगानिस्तानको पश्चिमी प्रान्त हेरातका केही भागमा भारी वर्षा र बाढीले गर्दा कम्तीमा पनि १२ जनाको मृत्यु भएको थियो। बाढीले जिल्लाका दशौँ आवासीय घर तथा सडक बगाएको छ। सडक बिग्रेपछि विभिन्न जिल्लामा सडक यातायातका बन्द भएको छ।

### म्यानमार दुई वर्षमा नयाँ निर्वाचन गर्ने सैनिक नेता मिनद्वारा घोषणा

याङ्गुन, १७ साउन (रासस/एएफपी)।

म्यानमारको सैन्य समूहका प्रमुख नेता सन् २०२३ को अगस्टसम्ममा आपतकालीन अवस्था हटाई संसदीय निर्बाचन गर्ने घोषणा आइतबार गर्नुभएको छ। यो घाषणासँगै सैनिक नेतृत्वले छ महिनाअघि आङ सान सुकीलाई पदबाट हटाउँदा सार्बजनिक गरेको निर्बाचनको प्रारम्भिक समयसीमा विस्तार गरेको हो। उक्त समय सेनाले छ महिनाभित्र निर्वाचन गर्ने बताएको थियो।

एक टेलिभिजन च्यानलमार्फत् जुन्ता नेता मिन आङ हलिङले भन्नुभयो, "हामीले अगस्त २०२३ सम्ममा आकस्मिक अवस्थाका प्रावधान पूरा गर्नेछौँ। उक्त समयसम्म निष्पक्ष निर्वाचन गरी निर्वाचित प्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नेछौँ।" सैनिक नेतृत्वको प्रशासनले सार्बजनिक गरेको यो निर्बाचनको घोषणा उसैले सत्ता कब्जा गरेपछि दिएको समयसीमा भन्दा साढे दुई वर्ष ढिलो पुगेको छ। यद्यपि यो कुरामा पनि त्यहाँ आन्दोलनरत दलहरू आश्वस्त देखिँदैनन्।

"मैले कुनै पनि हालतमा तोकिएको समयमा बहुदलीय निर्वाचन गर्ने प्रतिवद्धता व्यक्त गर्छु," उहाँले निर्वाचन घोषणा गर्दै टेलिभिजनमार्फत् गरेको सम्बोधनमा भन्नुभयो। सेनाले गत फागुनमा नागरिक आन्दोलनका अगुवालाई देश निकाला गरेपछि म्यानमारमा सैनिक शासन लागु गरिएको छ भने विपक्षी दलको आन्दोलन र सैनिक प्रशासनले उनीहरूलाई नियन्त्रणमा लिन भन्दै चलाएका सुरक्षा कारबाहीका कारणम्यानमारको दैनिकी अस्तव्यस्त भएको छ। स्थानीय अनुगमन समूहका अनुसार सेनाले निर्वाचित सरकारलाई हटाउँदा भएका झडपहरूमा अहिलेसम्म ९०० भन्दा बढी को मृत्यु भएको छ।

एसिशयाली यस मुलुकमा विश्वव्यापी महामरीका रूपमा फैलिएको कोरोनाभाइरसको लहरले पनि ठूलो क्षति पुऱ्याएको छ। प्रजातन्त्रको पक्षधर चिकित्सक तथा कर्मचारीले निर्वाचित सरकारलाई काम गर्न दिन आग्रह गर्दै पूर्वसत्ताधारी दल एनएलडी र सैनिक सरकार विरोधी आन्दोलनमा सरिक हुँदा धेरै अस्पताल र सरकारी कार्यालयहरूसमेतमा नियमित सेवा चल्न सकेका छैनन्। विश्व बैंकले म्यानमारमा अहिलेको अवस्था कायमै रहेमा यहाँको अर्थव्यवस्था १८ प्रतिशतसम्म संकुचन हुने पूर्वानुमान गरेको छ।

सेनाले सुकीको नेशनल लिग फर डेमोक्रेसी (एनएलडी)ले जितेको सन् २०२०को नोभेम्बरमा सम्पन्न निर्वाचनमा व्यापक अनियमितता भएको दावी गर्दै सत्ताको नेतृत्व लिएको हो। सैनिक प्रशासनले नै नियुक्त गरेको निर्वाचन आयोगलेले गत हप्ता एक करोड १० लाख भन्दा बढी अनियमितताका उदाहरणहरू भेटिएको दावी गरेको छ। कोरोनाभाइरस प्रतिबन्धलाई बेवास्ता गर्नेदेखि लिएर अवैधरूपमा वाकी टकीहरू आयात गर्नेसम्मका थुप्रै आरोपसहित नेतृ सुकीलाई फेब्रअरी १ देखि हिरासतमा राखिएको छ। यदि आरोपलाई अदालतले पुष्टि गरेमा उहाँलाई एक दशकभन्दा बढी जेल सजाय हुनसक्छ।

सरकारको प्रतिवद्धता भ्रम सिर्जना गर्नका लागि आएको भन्दै प्रदर्शनकारीका साना तथा ठूला समूहले आइतबार देशैभर प्रदर्शन गरेका छन्। सेनालेले प्रजातन्त्र पुनःस्थापनाको एक दशक लामो प्रयोगको अन्त्य गर्दै 'कू' गरेको करिब छ महिनापछि आन्दोलनलाई मथ्थर पार्न नयाँ घोषणा गरेको उनीहरूको दावी छ।

एनएलडीले सन् २०१५ मा भएको अघिल्लो चुनावको तुलनामा सन् २०२० को मतदानमा आफूलाई समर्थन बढेको र निर्वाचनमा दुई तिहाई सीट जित्न सफल भएको दावी गर्दै आएको छ। सन् २०२० को सर्वेक्षणको प्रतिवेदनमा स्वतन्त्र निर्वाचन अनुगमन समूहका लागि एसियाली सञ्जालले निर्वाचनमा 'जनताको इच्छाअनुसार एनएलडीलाई भारी समर्थन मिलेको' जनाएको थियो।

# कोरोनाबाट एकै परिवारका तीनको मृत्यु, गाउँ सिल

उदयपुर, १७ साउन (रासस)।

जिल्लाको त्रियुगा नगरपालिका-२ खैजनपुरगाउँमा कोरोना सङ्क्रमणबाट एकै परिवारको तीन जनाको मृत्यु भएको छ। वडाध्यक्ष घमानसिंह खत्रीका अनुसार कोरोना सङ्क्रमणबाट पन्ध्र दिनअघि ४३ वर्षीय रमण पोखरेल, सात दिनअघि ३८ वर्षीय हेमराज पोखेरल र शुक्रबार राति ३६ वर्षीय देवी पोखरेलको मृत्यु भएको हो।

सङ्क्रमण तीव्र बनेपछि शनिबार रातिदेखि गाउँ सिल गरिएको छ। पन्ध्र दिनदेखि खैजनपुरका गाउँलेमा रुघाखोकी र ज्वरो आउने क्रम शुरु भएर बढ्दै गएसँगै पाँच दर्जनभन्दा बढी गाउँले सङ्क्रमित भएपछि शनिबार रातिदेखि यही साउन २४ गतेसम्मका लागि पूरै गाउँ सिल गरिएको वडाध्यक्ष खत्रीले बताउनुभयो।

स्वास्थ्य कार्यालय उदयपुरका प्रमुख मोहन सुवेदीका अनुसार जिल्लामा १० दिन अघिसम्म पनि कोरोना सङ्क्रमण घट्दो दरमा थियो। एक हप्तायता पुनः सङ्क्रमण बढ्न थालेको उहाँले बताउनुभयो। खैजनपुरमा सङ्क्रमण पुनः बढ्न थालेका कारण आइतबार बिहानदेखि स्वास्थ्यकर्मीको टोली परिचालन गरेर सबै गाउँलेको पिसिआर र एन्टिजेन परीक्षण शुरु गर्न लागिएको स्वास्थ्य कार्यलयका प्रमुख सुवेदीले बताउनुभयो।

सङ्क्रमण फैलन थालेपछि खैजनपुरका दक्षिण-पूर्वको भूभाग जोगीदहसम्म र पश्चिम भुल्केसम्म र उत्तर त्रियुगा नदी किनारसम्मको क्षेत्रमा सिल गरिएको छ। गाउँ सिल गरेसँगै बिहान ७ देखि ९ बजेसम्म मात्र दैनिक उपभोग्य वस्तुका सामान्य पसल खोल्न अनुमति प्रदान गरिएको र सो समयबाहेकका समय पूर्णरूपमा लकडाउन गरिएको वडाध्यक्ष खत्रीले जानकारी दिनुभयो।

### *तीन सय ३४ ...*

त्यसको चपेटामा पर्ने सम्भावना रहेकोले कारागारका कैदीबन्दीलाई धमाधम कोरोना बिरुद्धको खोप लगाउन थालिएको जानकारी दिए।

एकातिर क्षमता भन्दा तेब्बर कैदीबन्दीले साँघुरो बनेको भवन अर्कोतिर सीमित शौचालयका कारण कोरोनाको जोखिम बढेको उनको भनाई छ।

केही दिन यता कैद भुक्तानका लागि आएका नयाँ २०/२५ जना भने खोप लिन बाँकी रहेकोले उनीहरुलाई पनि छिट्टै खोप दिलाउन जिल्ला स्वास्थ्य कार्यालयसँग आवश्यक पहल थालिएको उनले बताए।

यता कारागारमा कोचाकोच गरि कैदीबन्दी राख्नु पर्दा सुरक्षा र व्यवस्थापनको चुनौतीसँगै सामाजिक दुरी र स्वास्थय मापदण्ड पालना गराएर राख्न पनि समस्या भइरहेको उनले जानकारी दिए।

### *पूर्वराजपा सप्तरीका ...*

जिल्ला समन्वय समिति राजबिराजको सभाहलमा सम्पन्न सयौ नेता तथा कार्यकर्ता भेलाबाट संगठन ब्यबस्थापनका लागि एकजुट हुनुपर्नेमा जोड दिएका हुन्।

सो भेलामा पुर्व राजपा केन्द्रीय सदस्य दिपेन्द्र चौधरीले तत्कालिन राजपा नेपालले समाजवादी फोरमसँग एकता गरेर जसपा बनाउनु गर्नु ठुलो गल्ति भएकोले मधेश मुक्ती आन्दोलनलाई महन्थ ठाकुर र राजेन्द्र महतो समुहले मात्र मधेशको अधिकार दिलाउन सक्ने दाबी गरे।

यसैगरी बैठकमा अर्का केन्द्रीय सदस्य दिनेश यादबले जसपाका अध्यक्ष उपेन्द्र यादबले एकात्मक सोच र ब्यक्तिगत राजनीति स्वार्थका कारण पार्टी फुटको संघारमा गएको टिप्पणी गरे।

यसैगरी पुर्व राजपा केन्द्रीय सदस्य तथा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले महन्थ ठाकुर जस्तो त्यागी नेतालाई बदनामी गर्ने केही नेतृत्व गर्नेहरूले जसपा पार्टी कब्जा गर्न खोजेको आरोप लगाइन्।

उनले अहिले पनि जिल्लाका नेता तथा कार्यकर्ताहरू एकरति पनि बिचलित नभएको र मधेशको मुद्दाप्रति एकजुट भएको बताइन्।

सो भेलाले पुर्वराजपा नेपालका नेतृत्व वर्गलाई गाउँस्तर, नगरपालिकादेखी जिल्लासम्म संगठन बिस्तार गर्न अविलम्ब बिस्तारित बैठक तोक्न आग्रह गर्ने बैठकले निर्णय गरेको युवा नेता शम्भु यादबले बताए।

बैठकमा तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश सिँह, केन्द्रीय सदस्य राजेन्द्र प्रसाद यादब, हरेकृष्ण प्रसाद सिँह, रामप्रित यादब, सुनिल झा, अमरनाथ मण्डल, बिशेश्वर रजक, जागेश्वर राय, बिनोद यादब, कुमरनाथ मिश्र, बिजय यादब, जयनारायण यादब, पुनम यादब लगायत नेता तथा कार्यकर्ताले संगठन बिस्तारका लागि अग्रसर हुनुपर्नेमा जोड दिएका छन्।

# साउन ३० भित्र सबै वडासमिति गठन गर्न माओवादी केन्द्रको निर्देशन

काठमाडौँ, १७ साउन (रासस)।

नेकपा (माओवादी केन्द्र) ले यही साउन ३० गतेसम्म पार्टीका सबै वडासमिति गठन गरी त्यसको यथार्थ विवरण केन्द्रीय कार्यालयमा उपलब्ध गराउन केन्द्रीय सदस्यलाई निर्देशन दिएको छ।

पार्टी सङ्गठनलाई चुस्त, दुरुस्त तथा व्यवस्थित बनाउन सबै वडासमिति गठन, पुनःगठन गरी यथार्थ विवरण तयार पार्न निर्देशन दिइएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आइतबार बसेको स्थायी समितिको बैठकले यही साउन ३० गते बस्ने केन्द्रीय समितिको बैठकमा सो विवरणसहित आउन निर्देश गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। यसअघि यही साउन २० गतेका लागि तय भएको केन्द्रीय समितिको बैठक थप तयारी गर्नुपर्ने भन्दै १० दिन पर सारिएको छ।

पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा, सरकार विस्तार एवं आवश्यक तयारीका लागि केन्द्रीय समितिको बैठक पर सारिएको उहाँको भनाइ छ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → iPay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*